# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः २३ फरवरी २०२५

समयः १८:५० - १९:०० बजे

मुख्य समाचार

- प्रधानमन्त्री नरेन्द्र मोदीले आज आकाशवाणीबाट मन की बात कार्यक्रममा बोर्ड का परीक्षा मा भाग लिइरहेका परीक्षा योद्धाहरुलाई शुभकामना दिनुभएको छ।
- मुख्यमन्त्री ममता बनर्जी भोलि डाक्टर्स कन्भेन्सनमा सहभागी भएर चिकित्सकहरूलाई सम्बोधन गर्नु हुनेछ।
- घुम-जोरबङ्गलो पिपल्स अर्गनाइजेशनले अमरूत जल परियोजनाको पाइप जडान कार्य युद्धस्तरमा सम्पन्न गर्न माग गरेको छ।
- खरसाङ टाउन क्षेत्रमा ट्राफिक जामको समस्या समाधानका लागि भोली नो इन्ट्री लगाइने भएको छ।
- जिल्ला प्रशासनको पहलमा आज सिलगढीमा पहिलो पल्ट तराई-हिमालय महोत्सव आयोजना गरियो।

**मन की बात**

प्रधानमंत्रीले भोजनमा तेल को अत्यधिक प्रयोगद्वारा हृदय रोग, मधुमेह अनि उच्च रक्तचाप जस्ता बिमारीहरु हुन सक्ने बताउनुभयो। उहाँले भन्नुभयो कि मानिसहरुले आफ्नो खान-पान को आदतहरुमा केही परिवर्तन गरी स्वास्थ्य बस्न सक्नेछन्। आज मन की बात कार्यक्रममा प्रधानमंत्री मोदीले मोटोपनको विषयमा ओलिम्पिक पदक विजेता नीरज चौपड़ाए बक्सर निखत जरीन अनि प्रख्यात डॉक्टर देवी शेट्टी को विशेष संदेश पनि साझा गर्नुभयो। प्रधानमंत्रीले भारतको जीवंत वनस्पति अनि जीव–जंतुहरुको पनि उल्लेख गर्नुभयो। उहाँले देशमा धेरै पशुहरुलाई देवी- देवताको वाहन मानिने तथा यी जीव-जन्तुहरुको पुजा गरिने बताउनुहुँदैए वन्य जीवनको संरक्षणसित जुड़ेका कार्यहरुमा सक्रिय रूपले भाग लिन का लागि देश का जनजातीय मानिसहरु प्रति आभार व्यक्त पनि गर्नुभयो। प्रधानमंत्री मोदीले संरक्षणको प्रयासहरुको कारण गत केही वर्षमा बाघ, चितुवा, एशियाई सिंहए गैंडा अनि बारहसिंघेको संख्यामा तिव्रसित वृद्धि भइरहेको पनि बताउनुभयो। उहाँले भन्नुभयो भारतको प्रत्येक भागए प्रकृति प्रति संवेदनशील हुनको साथै वन्य जीवन को संरक्षण प्रति वचनबद्ध पनि रहेको छ। श्री मोदीले अंडमान अनि निकोबार द्वीप समूहमा पशु कल्याण प्रति स्वंयलाई समर्पित गर्नुभएको तथा डियर वुमनको नामले प्रसिद्ध अनुराधा रावको उल्लेख पनि गर्नुभयो। आगामी महिनाको शुरूआतमा विश्व वन्य जीवन दिवसको आयोजन हुने पनि प्रधान मंत्रीले बताउनुभयो। वन्य जीवन संरक्षणसित जुडेका मानिसहरुलाई प्रोत्साहित गर्ने आग्रह पनि प्रधानमंत्रीले सबै देशवासीसित गर्नुभएको छ। यस क्षेत्र मा अघि आएका धेरै स्टार्टअप्सहरुलाई लिएर प्रधानमंत्रीले संतोष पनि व्यक्त गर्नुभएको छ। आफ्नो संबोधन को अंतमा प्रधानमंत्री नरेन्द्र मोदीले बोर्ड का परीक्षा मा भाग लिइरहेका परीक्षा योद्धाहरुलाई शुभकामना दिनुभयो। उहाँले विद्यार्थीहरुसित कुनै तनाव बिना सकारात्मक भावना को साथमा आफ्नो परीक्षा दिने कुरो पनि बताउनुभयो। यसको साथै परीक्षा पे चर्चाले संस्थागत रुप लिँदै गइरहेकोमा प्रधानमंत्रीले प्रसन्नता पनि व्यक्त गर्नुभएको छ।

**मुख्यमन्त्री-डाक्टर कन्भेन्सन**

मुख्यमन्त्री ममता बनर्जी भोलि डाक्टर्स कन्भेन्सनमा सहभागी भएर चिकित्सकहरूलाई सम्बोधन गर्नु हुनेछ। यो कार्यक्रम अलीपुरको धनधान्य अडिटोरियममा आयोजना हुनेछ। सूत्रअनुसार १अभया मञ्च१ अनि १ज्वाइन्ट फोरम अफ डक्टर्स१ का अधिकांश सदस्यहरू बैठकमा उपस्थित हुनेछन्। अभया मञ्च गत वर्ष आर. जी. कर मेडिकल कलेज तथा अस्पतालका एक महिला डाक्टरलाई दुष्कर्म पछि हत्या गरिएको घटना पछि गठन गरिएको थियो। आर. जी. कर आन्दोलनमा संलग्न चिकित्सकमध्ये धेरैजना भोलि हुने बैठकमा सहभागी हुने जानकारी सुत्रहरु मार्फत प्राप्त भएको छ। केही दिनअघि मेदिनीपुर मेडिकल कलेज तथा अस्पतालमा चिकित्सक नभएका कारण एक गर्भवती महिलाको मृत्यु भएको थियो। त्यसपछि स्वास्थ्य

विभागले कडा नियम लागू गरेको छ। निजी रूपमा प्राक्टिस गर्ने चिकित्सकहरूविरुद्ध पनि कारबाही भइरहेको छ। हालको परिस्थितिमा राज्यका चिकित्सकहरू र मुख्यमन्त्री बीचको यो बैठक महत्त्वपूर्ण हुने अनुमान गरिएको छ।

**सिलीगुड़ी**

दार्जीलिङ्ग जिल्ला प्रशासनको तत्वावधानमा आज सिलीगुड़ी मा पहिलो पल्ट तराई-हिमालयन महोत्सवको आयोजन गरियो। यस महोत्सवको लागि सेवक मोड़देखि एयरव्यू मोड़ सम्म सड़कलाई सु-सज्जित बनाइएको थियो। यस अवधि धेरै सांस्कृतिक कार्यक्रम पनि आयोजित गरिएको थियो। आज एक दिनको लागि सेवक मोड़देखि एयरव्यू मोड़ सम्म सड़क को नाम हैप्पी स्ट्रीट राखिएको थियो। सड़कको किनारमा भोजन, किताब, सौंदर्य प्रसाधन आदिको दोकानहरु पनि लगाइएको थियो। यो महोत्सव दिउँसो १२ बजे शुरू भएको थियो। सिलीगुड़ी नगर निगम को मेयर गौतम देवकले तराई-हिमालयन महोत्सव को उद्घाटन गर्नुभयो। यस अवधि जीटीए का मुख्य कार्यकारी अनीत थापा पनि उपस्थित थियो। सबैको मनोरंजनको लागि डॉग शो, नानीहरुको फैशन शो, ज़ुम्बा, तथा नृत्य-गीत अनि धेरै अन्य मनोरंजनका कार्यक्रमहरुको पनि आयोजन गरिएको थियो। यस अवसरमा हिलकार्ट रोडलाई यातायातको लागि बंद राखिएको थियो। यस अवसरमा धेरै संख्या मा मानिसहरु एकत्र पनि भएका थिए।

**खरसाङ बजार नो इन्ट्री**

खरसाङ टाउन क्षेत्रमा ट्राफिक जामको समस्या समाधानका लागि सोमबारदेखि बिहान ७ बजेदेखि ९ बजेसम्म र दिउँसो २ बजेदेखि ४ बजेसम्म नो इन्ट्री लगाइने भएको छ। यस विषयमा खरसाङ ट्राफिक पुलिसको ओसी बीरेन्द्र छेत्रीले उक्त जानकारी गराएका छन्। उनले पत्रकारहरुलाई जानकारी गराए अनुसार खरसाङमा विद्यालयहरु खोलिएपछि खरसाङ बजारमा ट्राफिक जामको समस्या समाधानका लागि सोमबारदेखि नो इन्ट्री शुरु गरिएको छ। उनले बिहान ७ बजेदेखि ९ बजेसम्म र दिउँसो २ बजीदेखि ४ बजेसम्म नो इन्ट्री लगाइने भएको र यस अवधि बिहान र दिउँसो तलबाट आएका ट्रकहरुलाई रोहिणी जिरो पोइन्ट क्षेत्रमा र माथिबाट आएका ट्रकहरुलाई सन्त मेरिज क्षेत्रमा नै रोकिने भएको भएको छ। यसको साथै समय समयमा स्थितिलाई बुझेर खरसाङ टाउनको जामए स्कूल खोलिएको साथै टुरिस्ट सिजनलाई टुरिस्ट लजबाट ट्राफिक डाइभट गरिने ट्राफिक ओसी बीरेन्द्र छेत्रीले बताएका छन्। उनले यस कार्यमा सबैलाई सहयोगको लागि अनुरोध गरेका छन् भने असुविधाको लागि खेद प्रकट गरेका छन्। ट्राफिक ओसी छेत्रीले खरसाङ बजारमा जाम नहोस् भनेर साथै स्कूल गाडीहरु सबैले विद्यार्थीहरु स्कूल पुराएर सबै गाडीहरु आईएनए बस बिसौनीमा लगेर पार्किङ गर्नु पर्ने बताएका छन्। यसको साथै स्कूलको समय हुन अघि स्कूलको तलतिर सडकमा गाडी जाम हुने गरी नराखिदिने चालकहरुलाई अनुरोध गरेका छन्। उनले चालकहरुलाई स्पिड गाडी नकुदाई दिने साथै स्कूल गाडीहरु सुरक्षित ठाउँ हेरेर विद्यार्थीहरु गाडीमा हालेर लाने अनुरोध गरेका छन्। खरसाङ ट्राफिक पुलिस ओसी बीरेन्द्र छेत्रीले बजारको व्यावसायीहरु, दोकानेहरु र जनसाधारणलाई बिहान ७ बजे अघि नै अनि बेलुका ८ बजेपछि सामानहरु अनलोड गर्ने अनुरोध गरेका छन् भने यो तोकिएको समयबाहेक अरु समयमा अनलोड गरिए कार्वाही गरिने बताएका छन्।

**जल परियोजना**

घुम-जोरबङ्गलो पिपल्स अर्गनाइजेशनले अमरूत जल परियोजनाको पाइप जडान कार्य युद्धस्तरमा सम्पन्न गर्न माग गरेको छ। पिउने पानीका पाइप जडान गर्नका लागि हालमा जोरबङ्गलोस्थित राष्ट्रिय राजमार्ग ११० मा खनाइ कार्य भइरहेको छ। संगठनका अध्यक्ष साङ्गे डुक्पाले आज एउटा पत्रकार सम्मेलनमा यो कार्य सुस्त गतिमा भइरहेको भन्दै असन्तुष्टि व्यक्त गर्नु भएको छ। श्री डुक्पाले भन्नु भयो हाल विद्यालयहरू खुलेका छन्, बोर्ड परीक्षाहरू चलिरहेका छन्, तर सडक खनेर पाइप जडान गर्दा यातायात अवरुद्ध भएको छ। विद्यार्थी र परीक्षार्थीहरू समयमा विद्यालय पुग्न सकिरहेका छैनन्। उहाँले

नगरपालिकाको विकास कार्यप्रति कुनै आपत्ति नभएको तर सम्बन्धित निकायले जनशक्ति (म्यानपावर) बढाएर भए पनि कार्यलाई शीघ्र सम्पन्न गर्नुपर्ने माग राख्नु भएको छ।

**दार्जिलिङ ज्ञापन**

दार्जिलिङ बजारमा टाउकोमाथिको अव्यवस्थित तारहरु हटाएर व्यवस्थित दार्जीलिङ बनाइनु पर्ने मागमा दार्जीलिङ लक्ष्य समूहले नगरपालिका प्रशासन समक्ष ज्ञापन सुम्पेका छन्। मुख्य गरी दार्जिलिङको छोटा कागझोडा क्षेत्रको बाटो किनारा फुटपाथ मास्तिर लत्रिएको तार अनि पाइपहरुको कारण जनसाधारण, आम बटुवा अनि विद्यार्थीहरुलाई समस्या हुने गरेको समझहको भनाइ छ। यसबाहेक ६ बुदैं ज्ञापनमा बहुतल्ले भवन निर्माणमाथि रोक, झोडा नाला अनि बाटोको अतिक्रमण हटाउने, अधुरो विद्युतीय दाह संस्कार गृहको योजना पूरा गर्नसँगै क्षेत्रको संरक्षण, समुचित फोहोर मैला व्यवस्थापन र शहरमा निशुल्क शौचालय उपलब्ध गराउनुपर्ने समूहले माग गरेको छ।

**बस दुर्घटना**

उत्तर २४ परगना जिल्लाको मिनाखांमा हिजो राति तीव्र गतिमा गइरहेको बस अनियन्त्रित भएर सडकछेउको एउटा पसलमा ठोक्कियो। दुर्घटनामा ४ जनाको घटनास्थलमै मृत्यु भयो भने २२ जना घाइते भएका छन्। तीमध्ये केहीको अवस्था गम्भीर रहेको जानकारी प्राप्त भएको छ। प्रत्यक्षदर्शीहरू अनुसार बस मालंचबाट कोलकातातर्फ जाँदै थियो। बसन्ती हाइवेको जयगाउँ क्षेत्रमा अगाडिबाट आएको गाडीलाई जोगाउने क्रममा चालकले नियन्त्रण गुमाएपछि बस चिया पसलमा ठोक्कियो। पसल पूर्ण रूपमा क्षतिग्रस्त भयो। पुलिसले घटनाको छानबिन गरिरहेको छ।

**अजय एडवर्डस**

लामाहट्टा अन्तर्गत नौं माइलदेखि टुटी डाँडासम्मको बाटो निर्माण कार्य जारी रहेको छ। इण्डियन गोर्खा जनशक्ति फ्रन्टका संयोजक अजय एडवर्डसको नेतृत्वमा स्थानीय सङ्घ-संस्थाहरू र होमस्टे सञ्चालकहरूको सहभागितामा सडक निर्माण भइरहेको हो। आज श्री एडवर्डस डुकपा गाउँ पुगेर सडक निर्माणको निरीक्षण गर्नुभयो। उहाँले भन्नुभयोए यस समष्टिका सभासदले एक रुपियाँ पनि पाउनुभएको छैन तर विकासका लागि स्थानीयहरूले श्रमदान गरेका छन्। श्री एडवर्डस अनुसार सरकारले सहयोग नगरे पनि क्षेत्रवासीहरूले आफ्नो क्षेत्रको विकास आफैं गर्ने उदाहरण प्रस्तुत गरेका छन्।

**रोगीलाई आर्थिक सहयोग**

मिरिकको घैयाबारीस्थित संस्था संयुक्त नयाँ कमानले मिर्गौला रोगी सीता राईलाई आर्थिक सहयोग प्रदान गरेको छ। संस्थाले पलङबारी निवासी सीता राईलाई उपचारका लागि १ लाख ८ हजार ५०० रुपियाँ सहयोग स्वरूप हस्तान्तरण गरेको हो। यस सहयोग रकम सीता राईका पति दिपेश राईलाई हस्तान्तरण गरिएको छ। संस्थाले हिजो नयाँ कमान मैदानमा आयोजना गरेको च्यारिटेबल संगीत कार्यक्रमबाट संकलित रकम रोगीको उपचारका लागि प्रदान गरिएको जनाइएको छ।

**फुटबल**

भूतपूर्व सैनिक वेलफेयर एसोसिएसन पचेङ शाखाको आयोजनामा निम्न सोनादाको दुबे खेल मैदानमा भईरहेको नगदराशि फुटबल टुर्नामेन्टको सेमी फाइनलमा प्रवेश गरेको छ। आज भएको पहिलो क्वाटर फाइनल खेल गढवाल राईफल्स र बदमताम एफसीमाझ सम्पन्न भएको छ। यस खेलमा गढवाल राईफल्सले बदमताम एफसीलाई ४.१ को अन्तरले सजिलै जितेर सेमी फाइनलमा प्रवेश गरेको छ। यसरी नै आजको दोस्रो क्वाटर फाइनल खेल चाँद एफसी तीनधारे र तरनजाबारी सिलगढीमाझ सम्पन्न भएको छ। यस खेलमा चाँद एफसी तीनधारेले तरनजाबारी सिलगढीलाई ५.० को अन्तरले सजिलै जितेर सेमी फाइनलमा प्रवेश गरेको छ।